# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, चैत १७ गते२०५६साल (अतिरिक्ताङ्क ५४(ख+१)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सम्वत् २०५६ साल चैत्र २७ गते हुने बाजुरा जिल्लाको कुलदेवमाडौं गाउँ विकास समितिको अध्यक्ष पदको निर्वाचनको सन्दर्भमा सोही ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्न बाजुरा जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई जाँचबुझ र अनुसन्धान गर्ने अधिकारी तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

निर्वाचन आयोगले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २५ को उपदफा (२) को प्रयोजनको लागि सम्वत् २०५६ साल चैत्र २७ गते हुने बाजुरा जिल्लाको कुलदेवमाडौं गाउँ विकास समितिको अध्यक्ष पदको निर्वाचनको सन्दर्भमा बाजुरा जिल्लाका जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्तालाई नालिस वा उजूर लिने अधिकृत तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

१९९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।